जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २१६ • २०८३ जेठ १३ गते बुधवार • 27 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## सुत्केरी महिलाको मृत्युपछि उच्चस्तरीय छानबिन समिति गठन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ जेठ



मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचाररत सुत्केरी महिलाको मृत्युपछि आइतबार उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय गरेको छ । शनिबार मधेश प्रदेश सरकार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गी लाल रायको अध्यक्षतामा भएको छलफलपछि सात दिनभित्र प्रतिवेदन बुझाउने गरी समिति गठन गर्ने निर्णय गरिएको प्रादेशिक अस्पताल जनकपुरधामका प्रवक्ता डा. रामज्ञान यादवले विज्ञप्ति जारी जानकारी दिनुभएको छ ।

निर्णय भएको दुई दिन हुँदा पनि समितिले पूर्णता पाएको छैन । मधेश प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका जनस्वास्थ्य तथा नीति तर्जुमा महाशाखा प्रमुख डा. विपिनकुमार झाले उच्च स्तरीय छानबिन समितिको संयोजन डा. इन्द्रजित रजकलाई जानकारी दिएको र बाँकी सदस्यका बारेमा छलफल भइरहेको बताउनुभयो । प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा २६ वर्षीय सुत्केरी अन्जिना यादवको मृत्युभएको थियो । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१२ बस्ने राधेश्याम यादवकी पत्नी सुत्केरी अन्जिना यादवको सघन कक्षमा उपचारका क्रममा मृत्यु भएपछि परिवारजनले अस्पतालका चिकित्सकको लापर्बाहीका कारण मृत्यु भएको आरोप लगाएका छन् ।

अन्जिनाका पति राधेश्यामले शल्यक्रियामा संलग्न चिकित्सक धीरेन्द्रकुमार साह र श्रेया लक्ष्मी साहको लापर्बाहीका कारण आफ्नो श्रीमतीको मृत्यु भएको आरोप लगाउनुभएको छ । मृतकका पति राधेश्यामले भन्नुभयो, "म आफ्नो पत्नीलाई पहिलो शल्यक्रियापछि भेट्न जाँदा मलाई बचाउनु यिनीहरूले मलाई मार्छन् भनेर गुहार लगाउनुभएको थियो तर दोस्रो शल्यक्रियापछि बोल्नु नै सक्नुभएन ।" राधेश्यामका अनुसार जेठ ४ गते बिहान करिब ४ बजे प्रसव पीडापछि अन्जिनालाई अस्पताल ल्याइएको थियो । प्रारम्भिक जाँचपछि चिकित्सकले सामान्य सुत्केरी हुने बताएका थिए तर केही समयपछि आकस्मिक शल्यक्रिया गर्नुपर्ने अवस्था आएको थियो ।

शल्यक्रिया मार्फत शिशुको जन्म गराइए पनि त्यसपछि अन्जिनामा अत्यधिक रक्तस्राव भएको चिकित्सकले भनेको पति राधेश्यामले बताउनुभयो ।

## मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ जेठ

मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरूले आफ्ना मागहरू लामो समयदेखि सम्बोधन नभएको भन्दै मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । उनीहरूले माग पूरा नभए जेठ १९ गतेदेखि कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका छन् ।

मधेशी शहिद एवं घाइते हकहित संघर्ष समितिले प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई बुझाएको ज्ञापनपत्रमा मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका शहिद परिवार र घाइतेहरूको अवस्था अझै दयनीय रहेको उल्लेख गरिएको छ । समितिका अध्यक्ष अवधेश प्रसादले आन्दोलन र बलिदानको उपलब्धिस्वरूप स्थापना भएको प्रदेश सरकारले पटक पटक आग्रह गर्दा पनि आफ्ना मागप्रति बेवास्ता गरेको आरोप लगाए । ज्ञापनपत्रमा शहिद परिवार तथा घाइतेहरूको सम्मान, रोजगारी, शिक्षा, स्वास्थ्य र आर्थिक सहुलियतसँग सम्बन्धित विभिन्न मागहरू समावेश गरिएको छ । समितिले प्रत्येक शहिद परिवार तथा घाइतेका परिवारबाट एक जनालाई रोजगारीको व्यवस्था गर्नुपर्ने, मधेश आन्दोलनका शहिद तथा घाइतेका लागि स्वास्थ्य बिमा र शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने माग अघि सारेको छ ।

साथै, 'मधेशी शहिद तथा घाइते प्रतिष्ठान' लाई स्वायत्त संस्था घोषणा गर्नुपर्ने, परिचयपत्र उपलब्ध गराउनुपर्ने तथा बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ । ज्ञापनपत्रमा विगतका आन्दोलनका घाइते तथा संघर्षमा सहभागीहरूको योगदानलाई राज्यले अझैसम्म उचित मूल्यांकन नगरेको गुनासो गरिएको छ । आन्दोलनकारीहरूले सरकारसँग तत्काल वार्ता गरी माग सम्बोधन गर्न आग्रह गरेका छन् ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

पानीको सदुपयोग र श्रोतको संरक्षण गरौं

- धारा खुला छोड्के बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनः प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा महानहरुमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लाष्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलश्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो- यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




# जनसाँख्यिकीय चुनौती र अवसर

विद्यालय तहमा किशोरावस्था, शरीरमा आउने परिवर्तन, महिनावारी स्वास्थ्य, लैंगिक समानता तथा सुरक्षित व्यवहारका विषय समावेश गरिनुपर्ने देखिन्छ । विश्वविद्यालय तहमा भने यौनिकतालाई समाजशास्त्र, जनसांख्यिकी, सार्वजनिक स्वास्थ्य, मनोविज्ञान तथा लैंगिक अध्ययनसँग जोडेर गहिरो रूपमा अध्ययन गर्न आवश्यक रहेको देखिन्छ। विशेषगरी जनसंख्या अध्ययनका विद्यार्थीले यौनिकता, शक्ति, प्रजनन व्यवहार, वृद्धजनसंख्या, बसाइँसराइ तथा परिवार संरचनाको परिवर्तनलाई अन्तरविषयगत दृष्टिकोणबाट अध्ययन गर्नुपर्ने आवश्यकता बढ्दै गएका छन । आजको नेपाली समाजमा यौनिकता र शक्ति केवल व्यक्तिगत नैतिकताको विषय रहेन । यो जनसंख्या संरचना, आर्थिक विकास, श्रमशक्ति, लैंगिक समानता, मानसिक स्वास्थ्य तथा सामाजिक स्थायित्वसँग प्रत्यक्ष सम्बन्धित विषय बनिसकेका छन ।

जन्मदर घट्नु, एक सन्तानको प्रवृत्ति बढ्नु, वृद्धजनसंख्या वृद्धि हुनु तथा परिवार संरचनामा आएको परिवर्तनले नेपाललाई नयाँ सामाजिक यथार्थतर्फ डोऱ्याइरहेका छन । त्यसैले अब यौनिकतालाई केवल लाज वा गोपनीयताको विषयका रूपमा होइन, सामाजिक विकास, मानवअधिकार तथा जनसांख्यिकीय व्यवस्थापनसँग जोडिएको वैज्ञानिक विषयका रूपमा बुझ्न आवश्यक रहेको देखिन्छ । समावेशी, वैज्ञानिक तथा मानवअधिकारमा आधारित दृष्टिकोणबाट मात्र नेपालले बदलिँदो जनसांख्यिकीय चुनौती र अवसरलाई सन्तुलित रूपमा व्यवस्थापन गर्न सक्नेछन ।

# भरुवा बन्दुक तथा त्यसमा प्रयोग हुने सामग्रीसहित एक जनालाई पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १२ जेठ**

सर्लाहीको बरहथवा नगरपालिकाबाट प्रहरीले भरुवा बन्दुक तथा त्यसमा प्रयोग हुने सामग्रीसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बागमती नगरपालिका-२ सुकुमवासी टोल निवासी ३८ वर्षीय बुद्धीमान घलान रहेका छन् ।

इलाका प्रहरी कार्यालय बरहथवा र इलाका प्रहरी कार्यालय हिरापुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सोमबार बरहथवा नगरपालिका-१२ लौकट टोल क्षेत्रमा गोप्य सूचनाका आधारमा खोजतलास अभियान सञ्चालन



गरेको थियो । प्रहरीले केही व्यक्तिहरू अवैध भरुवा बन्दुक बोकेर हिँडडुल गरिरहेको सूचना पाएपछि विशेष निगरानी बढाएको जनाएको छ । खोजतलासका क्रममा चार जनाको समूहमा रहेका व्यक्तिहरूले प्रहरी टोलीलाई देख्नेबित्तिकै भाग्ने प्रयास गरेका थिए। सो क्रममा प्रहरीले बुद्धीमान घलानलाई नियन्त्रणमा लिन सफल भएको भए पनि अन्य तीन जना भने फरार भएका छन् ।

प्रहरीले पक्राउ परेका घलानको शरीर तथा साथमा रहेको झोला खानतलासी गर्दा एक थान भरुवा बन्दुक, बन्दुकमा प्रयोग हुने फलामको रड, १७५ ग्राम बारुद, ८० थान फलामको गोली तथा फलामका रडका पाँच टुक्रा बरामद गरेको जनाएको छ । घलानविरुद्ध हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिई अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

फरार रहेका अन्य व्यक्तिहरूको खोजी कार्य जारी रहेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# ‘शासकीय सुधार संवाद श्रृङ्खला-१०’ कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १२ जेठ**

सार्वजनिक सेवा प्रवाहलाई छिटो, प्रभावकारी तथा नागरिकमैत्री बनाउने उद्देश्यले सिरहामा ‘शासकीय सुधार संवाद श्रृङ्खला-१०’ कार्यक्रम सम्पन्न गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा सिरहा नगरपालिका-७ स्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रममा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा प्रशासनिक अधिकारीहरूको उल्लेख्य सहभागिता रहेको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका



सहसचिव डा. भिष्म कुमार भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालसहित करिब ७५ जनाको सहभागिता रहेको जनाइएको छ । कार्यक्रममा सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, कार्यालयहरूबीच समन्वय तथा प्रशासनिक सुधारका विषयमा केन्द्रित भएर छलफल गरिएको थियो । सहभागीहरूले नागरिकलाई सहज, गुणस्तरीय र विश्वासिलो सेवा उपलब्ध गराउन सरकारी संयन्त्र थप जिम्मेवार र उत्तरदायी बन्नुपर्नेमा जोड दिएका थिए ।

संवाद श्रृङ्खलामार्फत सरकारी निकायलाई परिणाममुखी बनाउँदै नागरिकको राज्यप्रतिको विश्वास अभिवृद्धि गर्ने लक्ष्य राखिएको आयोजकले जनाएको छ ।

# जलेश्वरमा बसको ठक्करबाट पैदल यात्रीको मृत्यु

**मो.इर्शाद**
**महोत्तरी, १२ जेठ**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा सोमबार बिहान यात्रुवाहक बसले ठक्कर दिँदा एक पैदल यात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जलेश्वर नगरपालिका-६ बस्ने ७५ वर्षीय वृद्ध चन्देश्वर साह रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब




उपरीक्षक पञ्चलाल गोलेले बताए । जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ना ४ ख ४७५८ नम्बरको यात्रुवाहक बसले जलेश्वर नपा-२ स्थित मटिहानी चोकमा पैदलयात्री साहलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए । घाइते भएका पैदल यात्रीलाई प्राथमिक उपचारपश्चात थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकामा उनको उपचारका क्रममा सोही अस्पतालमा मृत्यु भएको हो ।

घटनापश्चात जिल्ला प्रहरीबाट खटिगएको प्रहरी टोलीले बस र बस चालक जिल्लाको पिपरा गाउँपालिका-९ अलिपट्टि बस्ने सत्यनारायण यादवलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अगाडि बढाएको प्रहरी नायब उपरीक्षक गोलेले बताए ।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः लामो यात्राको योग छ
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः मनमा पछुतो आउने
सिंहः आम्दानी हुने
कन्याः खानपानमा समस्या आउने
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अनावश्यक खर्चको संभावना
मकरः अनावश्यक चिन्ता
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# युद्धविराम वार्ताबीच भएको आक्रमणले पेचिलो बन्दै अमेरिका इरान सम्झौता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ जेठ**



अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ ।


अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढङ्गले अघि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ। यसले युद्धविरामको नाजुक अवस्थाबीच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अघि बढिरहेको सङ्केत गरेको छ ।अमेरिकी सेनाको सेन्ट्रल कमान्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण 'इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न' गरिएको हो । उहाँले अमेरिकी पक्षले जारी युद्धविरामको अवधिमा संयम अपनाइरहेको दाबी पनि गर्नुभयो । यद्यपि, इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन ।

# शान्त, समृद्ध र अखण्ड नेपालको मार्गदर्शन: आध्यात्मिक, सामाजिक र मनोवैज्ञानिक रूपान्तरण

**बैदेकि पुरोहित श्री विनय भाइ**
**जनकपुरधाम, १२ जेठ**

नेपाल प्रकृति र संस्कृतिको अनुपम संगम हो । तर, लामो समयदेखि राजनीतिक स्वार्थ र विभाजनकारी मानसिकताका कारण हाम्रा मौलिक पहिचानहरूलाई राजनीतिक हतियार बनाइँदै आएको छ । वैदिक दर्शनको भूमिमा आज 'दलित', 'जनजाति' र 'मधेसी' जस्ता कृत्रिम राजनीतिक वर्गीकरण खडा गरेर समाजलाई सामाजिक रूपमा विखण्डन गर्ने प्रयास भइरहेका छन् । यदि नेपालमा वास्तविक शान्ति, स्थिरता र बन्धुत्वको स्थापना गर्ने हो भने हामीले आध्यात्मिक, सामाजिक र मनोवैज्ञानिक स्तरमा एउटा ठूलो वैचारिक क्रान्तिको सुरुवात गर्नु अनिवार्य छ ।

यस सन्दर्भमा वैदिक पुरोहित श्री विनय भाइको विचारलाई आत्मसात् गर्दै नेपालको हितका लागि तीनवटा मुख्य दृष्टिकोणबाट यसरी विमर्श गर्न सकिन्छ:




१. आध्यात्मिक दृष्टिकोण: साँचो वर्ण व्यवस्था र एकात्म भाव वैदिक दर्शनमा 'वर्ण व्यवस्था' जन्मको आधारमा गरिने भेदभाव थिएन, बल्कि यो त व्यक्तिको गुण, कर्म र स्वभाव (योग्यता) मा आधारित एक वैज्ञानिक श्रम विभाजन थियो । 'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः' अर्थात् मानिस आफ्नो कर्म र ज्ञानले ब्राह्मण, क्षत्रिय, वैश्य वा शूद्र बन्दछ, जन्मले होइन ।

आजको समयमा प्राचीन विकृत जातिप्रथा र मानवनिर्मित राजनीतिक शब्दहरूलाई पूर्ण रूपमा अन्त्य गरिनुपर्छ। जब हामी सबैमा एउटै परमात्माको अंश देख्छौं, तब विभेदको कुनै स्थान रहँदैन। आध्यात्मिक रूपमा हामी सबै 'अमृतस्य पुत्राः' (अमृतका सन्तान) हौं। मधेस, पहाड वा हिमालका सबै नागरिक यही पवित्र भूमिका अंग हुन् ।

२. सामाजिक दृष्टिकोण: राजनीतिक शब्दावलीको अन्त्य र समता 'दलित', 'जनजाति' र 'मधेसी' जस्ता शब्दहरूलाई नेपालको राजनीतिक बजारमा भोट बैंक र विभाजनको राजनीतिको लागि बढी प्रयोग गरियो, जसले समाजमा सद्भाव होइन, दुरी बढाउने काम गर्‍यो ।
८ जातीय प्रथाको पूर्ण अन्त्य: जन्मका आधारमा कोही सानो वा ठूलो हुँदैन। राष्ट्रिय एकताका लागि जातीय संकीर्णता त्यागेर सबैलाई समान नागरिक र 'नेपाली' पहिचान मात्र दिनुपर्छ ।
८ योग्यताको कदर: आरक्षण र वर्गीकरण जातको आधारमा होइन, आर्थिक विपन्नता र व्यक्तिगत क्षमताको आधारमा हुनुपर्छ । "जबसम्म हामी नेपालीलाई 'मधेसी', 'दलित' वा 'जनजाति' को चस्माबाट हेर्न छोड्दैनौं, तबसम्म एउटा अखण्ड र शान्त नेपालको परिकल्पना अधुरो रहनेछ ।"

३. मनोवैज्ञानिक दृष्टिकोण: हिनताबोध र अहंकारबाट मुक्ति राजनीतिक शब्दहरूले एकातिर कथित पिछडिएका वर्गमा 'हिनताबोध' पैदा गरेको छ भने अर्कोतिर समाजमा सामाजिक द्वेष र आक्रोश जन्माएको छ । यो मनोवैज्ञानिक रोग हो । नेपालीहरूको मनोविज्ञानलाई 'विभाजित मानसिकता' बाट मुक्त गरी 'गर्विलो नेपाली' को मानसिकतामा बदल्न जरुरी छ । जनकपुरधामको ज्ञानभूमि र बुद्धको शान्तिभूमिका नागरिकहरूमा आत्मगौरवको भावना जागृत गराउनुपर्छ, जहाँ कोही शोषित महसुस नगरोस् र कोही शोषक नबनोस् ।

नेपालको शान्तिको मार्ग राजनीतिक नारा र कृत्रिम वर्गीकरणमा छैन। जनकपुरधामका वैदिक पुरोहित श्री विनय भाइको चिन्तन जस्तै, जब हामी जातपात र राजनीतिक विभाजनकारी शब्दहरूभन्दा माथि उठेर प्राचीन वैदिक सनातन मूल्य मान्यता, सामाजिक न्याय र मनोवैज्ञानिक एकतालाई अँगाल्छौं, तब मात्र नेपाल 'वसुधैव कुटुम्बकम्' र 'सर्वे भवन्तु सुखिनः' को सच्चा प्रतीक बन्नेछ। भौगोलिक रूपमा जोडिएको नेपाललाई अब मन र आत्मादेखि जोड्ने बेला आएको छ ।

# दीपिकासँग फिल्ममेकर इम्तियाजको स्पष्टीकरण, 'तिम्रो चित्त दुखाउनु यो जुनीमा सम्भव छैन'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ जेठ**



बलिउड फिल्ममेकर इम्तियाज अलीले अभिनेत्री दीपिका पादुकोणसँग स्पष्टीकरण दिनुपरेको छ । हालै एक अन्तर्वार्ताका क्रममा दीपिकाको 'असल केटी' को छविलाई केवल एक देखावटी मात्र भएको बताएपछि अनलाइनमा विवाद सुरु भएको थियो । त्यसपछि इम्तियाजले स्पष्टीकरण दिँदै सफाइ पेस गरेका हुन्। इम्तियाजले दीपिकालाई दुईवटा फिल्ममा निर्देशन गरिसकेका छन् ।

सोमबार इम्तियाज अलीले दीपिका पादुकोणका बारेमा आफूले गरेको टिप्पणीसँग जोडिएको एउटा न्युज आर्टिकलको स्क्रिनसट सामाजिक सञ्जालमा सेयर गरे। उक्त आर्टिकलको हेडलाइन 'दीपिका पादुकोणमाथि इम्तियाज अलीको टिप्पणीले अनलाइन विवाद खडा भयो' भन्ने थियो । सोही स्क्रिनसट सेयर गर्दै इम्तियाजले दीपिकालाई सम्बोधन गरेर एउटा नोट लेखेका छन्, 'मेरो सबैभन्दा प्यारी र सबैभन्दा असल साथी दीपिका पादुकोण, तिमी मेरो हमदम हौ, मजाक-मस्तीका लागि मेरो सबैभन्दा भरोसायोग्य साथी हौ ।' उनले अगाडि लेखेका छन्, 'मलाई लाग्छ कि तिमीले मेरो मजाकिया टिप्पणीलाई कहिल्यै गलत बुझ्ने छैनौं, किनकि तिमी अरू कसैले भन्दा बढी जान्दछौ कि म तिमीलाई कति माया गर्छु, तिम्रो कति तारिफ गर्छु, तिमीलाई कति बुझ्छु र तिम्रो कति कदर गर्छु। तर मलाई भनिएको छ कि सायद तिमीले यसलाई गलत बुझ्न सक्छौ र तिमीलाई नराम्रो लाग्न सक्छ, त्यसैले म तिमीलाई भन्दैछु, प्लिज यस्तो नगर। तिमीसँग नराम्रो व्यवहार गर्नु त यो जुनीमा सम्भव नै छैन ।' इम्तियाजले आफू यस्तो प्रकारको 'डिस्क्लेमर' लेख्न नचाहने भए पनि परिस्थितिलाई भाग्यको भरोसामा छोड्न नसकेको बताए। फिल्ममेकरले भनेका छन्, 'मैले कहिल्यै सोचेको थिइनँ कि म तिमीलाई यस प्रकारको कुनै डिस्क्लेमर लेख्नेछु, तर धेरै समय बितिसक्यो र म कुनै पनि जोखिम लिन चाहन्नथेँ ।

# दुर्व्यसनविरुद्ध जनकपुरमा प्रदेशस्तरीय अन्तरसंवाद, प्रभावकारी नीति लागु गर्न जोडदार माग

**दिपक श्रेष्ठ पण्डीत**
**जनकपुरधाम, १२ जेठ**



बालबालिका तथा युवामाझ बढ्दो लागू पदार्थ दुर्व्यसन नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा "लागू पदार्थ विरुद्धको प्रदेशस्तरीय परामर्श तथा अन्तरसंवाद कार्यक्रम" सम्पन्न भएको छ।सेभ द चिल्ड्रेन र सबल नेपाल को आर्थिक सहयोगमा "बाल अधिकारका लागि नागरिक समाज सवलीकरण परियोजना" अन्तर्गत आयोजित कार्यक्रममा सरकारी निकाय, सुरक्षा निकाय, बालअधिकारकर्मी, सामाजिक अभियन्ता तथा युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश नीति तथा योजना आयोग का माननीय नवल किशोर यादव ले लागू पदार्थ दुर्व्यसन समाजका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि प्रभावकारी नीति, व्यापक जनचेतना तथा सामूहिक अभियान आवश्यक रहेको बताए। उनले युवालाई कुलतबाट जोगाउन परिवार, विद्यालय, समुदाय तथा राज्यका निकायबीच समन्वय अपरिहार्य रहेको धारणा राखे।विशिष्ट अतिथि खेलकुद तथा समाज कल्याण मन्त्रालयकी समाज कल्याण महाशाखा प्रमुख निर्मला मिश्र ले लागू पदार्थ प्रयोगले बालबालिका तथा युवाको भविष्यमा गम्भीर असर पारिरहेको बताउँदै रोकथामसँगै पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन्।

त्यसैगरी प्रहरी निरीक्षक सोनु कुमार साह ले लागू पदार्थ नियन्त्रणका लागि प्रहरी प्रशासनले निगरानी तथा जनचेतनामूलक अभियान सञ्चालन गरिरहेको जानकारी दिए। खेलकुद तथा समाज कल्याण मन्त्रालयका शाखा अधिकृत विनोद भट्टराई ले युवालाई खेलकुद तथा सिर्जनात्मक गतिविधितर्फ आकर्षित गर्न आवश्यक रहेको बताए। कार्यक्रमको सञ्चालन नीर बहादुर आले ले गरेका थिए भने कार्यक्रम संयोजकका रूपमा अजय कुमार साह को उपस्थिति रहेको थियो।

यसैबीच, बाल क्लब सञ्जालले प्रदेश निति तथा योजना आयोगको उपाध्यक्ष राज कुमार सिंह लाई ध्यानाकर्षण पत्र बुझाउँदै बालबालिकामाझ बढ्दो लागू पदार्थ दुर्व्यसन रोकथाम, बालअधिकार संरक्षण, सुरक्षित शैक्षिक वातावरण तथा युवामैत्री नीति निर्माणमा प्रदेश सरकारको विशेष पहल आवश्यक रहेको माग गरेको छ ।कार्यक्रममा सहभागीहरूले लागू पदार्थ दुर्व्यसन नियन्त्रणका लागि प्रदेशस्तरमा साझा रणनीति निर्माण, विद्यालयस्तरमा सचेतना अभियान विस्तार तथा बालमैत्री नीति कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।

# ठूला करदातालाई ठूलो रकम सम्मान गरिने : उद्योग मन्त्री कनिश पटेल

**दिपक श्रेष्ठ मण्डल**
**जकपुरधाम, १२ जेठ**



व्यवसाय तथा मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा सोमवार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश, जनकपुरधामको आयोजनामा उद्योग वाणिज्य संघको कार्यालयमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको अध्यक्षता उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले गरेका थिए भने प्रमुख अतिथिको रूपमा मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल सहभागी रहेका थिए । कार्यक्रममा बोल्दै मन्त्री पटेलले व्यवसायिक क्षेत्रको विकाससँगै मानव अधिकारको सम्मान र श्रमिकमैत्री वातावरण निर्माण आवश्यक रहेको बताए। उनले निजी क्षेत्र, सञ्चार क्षेत्र तथा नागरिक समाजबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिए । अन्तरक्रियामा नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत, पिपुल्स प्रमोट सेन्टरका अध्यक्ष कमलेश कुमार मण्डल लगायत विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा मानव अधिकारको वर्तमान अवस्था, व्यवसायिक गतिविधिमा मानव अधिकारको संरक्षण तथा सामाजिक उत्तरदायित्वका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रमको सञ्चालन पत्रकार कैलाश दासले गरेका थिए भने मानव अधिकार मधेस प्रदेशका संयोजक बुद्ध नारायण सहनीले कार्यक्रमको उद्देश्य तथा मानव अधिकार सम्बन्धी विषयवस्तुमाथि प्रकास पार्नु भएको थियो ।

# नेपालको अर्थतन्त्रका ‘फल्ट लाइन’



-मध्यपूर्वको युद्धले नेपालमा इन्धन, मुद्रा अवमूल्यन, पर्यटन र श्रम बजारमार्फत गहिरो आर्थिक दबाब सिर्जना गरेको छ। सरकारको तयारी कमजोर देखिएको छ, जबकि मूल्यवृद्धि, लगानीको अभाव र रोजगारी संकटले अर्थतन्त्रमा दीर्घकालीन असर पार्ने जोखिम बढेको छ । समस्या समाधानका लागि लक्षित नीतिगत निर्णय, इन्धन र मलमा सहुलियत, तथा दीर्घकालीन संरचनागत सुधार आवश्यक देखिन्छ । विश्व राजनीतिमा कहिलेकाहीं यस्ता युद्ध हुन्छन्, जसमा गोली अर्कै भूगोलमा चलिरहेको हुन्छ, तर त्यसको आर्थिक कम्पन हजारौं किलोमिटर टाढाको समाजले महसुस गर्छ ।

नेपाल आज त्यही अवस्थाबाट गुज्रिरहेको छ । मध्यपूर्वमा भइरहेको द्वन्द्वमा नेपालको कुनै सामरिक भूमिका छैन, तर त्यसको गहिरो आर्थिक मूल्य तिर्न बाध्य हुने देशमध्ये नेपाल पनि एक बन्न थालेको छ। नेपालको अर्थतन्त्रको संरचना हेर्ने हो भने यो संकट किन यति गम्भीर छ भन्ने बुझ्न कठिन छैन। नेपाल पूर्ण रूपमा पेट्रोलियम आयात गर्ने मुलुक हो । हाम्रो विदेशी मुद्रा आम्दानीको प्रमुख स्रोत नै वैदेशिक रोजगारी हो, जसको ठूलो हिस्सा खाडी मुलुकसँग जोडिएको छ । पर्यटन, हवाई सेवा, ढुवानी, निर्माण, कृषि, खुद्रा व्यापार- सबै क्षेत्र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा इन्धन, डलर र आपूर्ति शृंखलामा आधारित छन् । मौद्रिक नीतिको प्रभाव सीमित छ । बैंकिङ प्रणालीमा तरलता उच्च छ, तर लगानी बढ्न सकेको छैन । सरकारले लेख्दै गरेको बजेटले यी विषयमाथि गम्भीर सम्बोधन गर्नुपर्छ।मध्यपूर्वमा युद्ध सुरु भएको करिब ८० दिन पुगिसकेको छ । र, यसको वास्तविक आर्थिक असर अब बिस्तारै विश्व अर्थतन्त्रमा सतहमा देखिन थालेको छ । सुरुवाती केही सातामा धेरै देशले यसलाई सीमित सैन्य तनावका रूपमा हेरेका थिए, तर अहिले ऊर्जा आपूर्ति, समुद्री ढुवानी, बिमा लागत, खाद्य मूल्य र अन्तर्राष्ट्रिय व्यापारमा परेको असरले यो क्षेत्रीय युद्ध मात्रै नरहेको स्पष्ट भइसकेको छ । भारत सरकारले आफ्ना नागरिकलाई सम्भावित इन्धन संकट, मूल्यवृद्धि र आपूर्ति अवरोधबारे औपचारिक रूपमा सचेत गराइसकेको छ भने ऊर्जा सुरक्षालाई लिएर आकस्मिक तयारीसमेत सुरु गरेको छ ।

चीनले रणनीतिक तेल भण्डारण उपयोगको तयारी गरेको छ, युरोपेली मुलुकहरूले आपूर्ति शृंखला पुनःसंरचनामा जोड दिन थालेका छन् । सिंगापुर, जापान र दक्षिण कोरियाले वैकल्पिक ऊर्जा आयात संयन्त्र सक्रिय बनाएका छन् । र, खाडी जलमार्गमा निर्भर धेरै मुलुकले आपत्कालीन लजिस्टिक योजना लागू गर्न थालेका छन् । युद्ध सुरु हुँदा समुद्रमा रहेका तेलवाहक जहाजहरू अहिले गन्तव्यमा पुगिसकेका छन्, तर पछिल्ला दुई महिनामा मध्यपूर्वबाट सामान्य अवस्थाजस्तो निरन्तर तेल प्रशोधन र आपूर्ति हुन सकेको छैन । अन्तर्राष्ट्रिय ऊर्जा बजारसम्बन्धी विभिन्न अध्ययनले युद्ध आजै अन्त्य भए पनि विश्व आपूर्ति प्रणाली, ढुवानी सञ्जाल र मूल्य संरचना पूर्ण रूपमा सामान्य हुन कम्तीमा ६ महिना लाग्ने देखाएका छन् । त्यसैले अहिलेको संकटलाई अस्थायी अवस्थाको मूल्यवृद्धिभन्दा पनि सम्भावित दीर्घकालीन आर्थिक समस्याका रूपमा हेर्नु आवश्यक छ। मध्यपूर्वको संकटका सम्बन्धमा नेपालमा भने सरकारको तयारी अत्यन्तै कमजोर देखिएको छ । अहिलेसम्म आइतबार सार्वजनिक बिदा थपेर इन्धन खपत घटाउने प्रतीकात्मक निर्णयबाहेक आर्थिक, नीतिगत वा आपूर्ति व्यवस्थापनसम्बन्धी कुनै ठोस पहल देखिएको छैन । सरकारका नीति तथा कार्यक्रम, बजेटअघिका छलफल तथा सार्वजनिक अभिव्यक्ति हेर्दा आउँदै गरेको संकटको गम्भीरतालाई राज्यले अझै पर्याप्त रूपमा आत्मसात् गरेको देखिँदैन ।

अझ चिन्ताजनक विषय के छ भने सरकारले न निजी क्षेत्रसँग गम्भीर संवाद गरेको छ, न सर्वसाधारण नागरिकलाई सम्भावित आर्थिक असरबारे स्पष्ट रूपमा सचेत नै गराएको छ । नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्यांक कार्यालय, भन्सार विभाग, पर्यटन बोर्ड तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका तथ्यांकहरूलाई आधार बनाएर हेर्दा नेपाली अर्थतन्त्रको बाह्य अवस्था स्थिर देखिए पनि अर्थतन्त्र दबाबमा पर्न थालेको क्रमशः स्पष्ट हुँदै गएको छ । विदेशी मुद्रा सञ्चिति १८ महिनाभन्दा बढीको आयात धान्न सक्ने अवस्थामा पुगेको छ, रेमिट्यान्स करिब ३९ प्रतिशतले बढेको छ, चालु खाता र शोधनान्तर स्थिति पनि बचतमा छ, बैंकिङ प्रणालीमा तरलता उच्च छ, ब्याजदर पछिल्ला वर्षहरूकै न्यूनस्तरमा झरेको छ । यी सूचकलाई आधार बनाएर अर्थतन्त्र सुधारोन्मुख भएको दाबी निरन्तर हुँदै आएको छ । तर, वास्तविक अर्थतन्त्रको तस्बिर भने फरक छ । बैंकहरूमा लगानीयोग्य रकम थुप्रिएको छ, तर ऋण परिचालन कम छ, पुँजीगत ट्रान्सफरमा १९.२ प्रतिशतको गिरावट आएको छ । उद्योगी-व्यवसायीहरू नयाँ विस्तार योजनाभन्दा अस्तित्व जोगाउने अवस्थामा पुगेका छन् ।

ब्याजदर घटे पनि लगानी बढ्न सकेको छैन । ९ महिनाको अवधिमा निजी क्षेत्रतर्फ जाने घरेलु कर्जा ०.१ प्रतिशतले ऋणात्मक रहेको छ । समस्या पैसाको उपलब्धताभन्दा बजारमा मागको अभाव र भविष्यप्रतिको अनिश्चिततासँग जोडिएको छ । बजारमा उपभोग घटिरहेको छ, उद्योगहरूको उत्पादन क्षमता पूर्ण रूपमा उपयोग हुन सकेको छैन । यही कारण अहिलेको संकट अझ जटिल बनेको छ। सतहमा देखिने वित्तीय स्थिरता र वास्तविक अर्थतन्त्रको कमजोरीबीच ठूलो अन्तर पैदा भइसकेको छ ।

नेपाली मुद्रामा भइरहेको अवमूल्यन अर्को महत्त्वपूर्ण आर्थिक विषय हो, भारतीय रुपैयाँ अमेरिकी डलरसँग लगातार कमजोर बन्दै गएको छ र स्थिर विनिमय दरका कारण नेपाली रुपैयाँ स्वतः कमजोर हुन बाध्य भएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार, नेपाली रुपैयाँ गत वर्षको मध्यदेखि हालसम्म अमेरिकी डलरसँग करिब ७.५ प्रतिशतसम्म अवमूल्यन भइसकेको छ । नेपालले आयात गर्ने वस्तुको ठूलो हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अमेरिकी डलरमा मूल्यांकन हुने भएकाले यसको असर इन्धनमा मात्रै सीमित छैन । पेट्रोलियम पदार्थ, रासायनिक मल, औषधि, निर्माण सामग्री, खाद्यान्न, उद्योगका कच्चा पदार्थदेखि दैनिक उपभोग्य वस्तुसम्मको लागत बढिरहेको छ । अहिले देखिएको मुद्रास्फीति मूल्यवृद्धिको सामान्य चक्रभन्दा पनि अर्थतन्त्रमा फैलिने लागत-आधारित मुद्रास्फीतिका रूपमा रूपान्तरित भइरहेको छ । केही महिनाअघि १.७ प्रतिशतसम्म झरेको मूल्यवृद्धि अहिले तीव्र रूपमा बढिरहेको छ । र, यो अवस्था कायम रहने हो भने आगामी एक वर्षभित्र मुद्रास्फीति ६ प्रतिशत नाघ्ने जोखिम बलियो देखिन्छ । यसको असर बजार मूल्यमा मात्रै सीमित रहँदैन । यसले वास्तविक आम्दानी घटाउँछ, लगानीको वातावरण कमजोर बनाउँछ, मध्यम वर्गको बचत क्षयीकरण गर्छ र निम्न आय भएका परिवारको प्रत्यक्ष जीवनयापन संकटतर्फ धकेल्छ । विश्वको ऊर्जा आपूर्ति, समुद्री ढुवानी, बिमा लागत, खाद्य मूल्य र अन्तर्राष्ट्रिय व्यापारमा मध्यपूर्व युद्धको आर्थिक असर देखिन थालेको छ। यस संकटसँगै सबैभन्दा गम्भीर, तर कम चर्चा भएको विषय मौद्रिक क्षेत्र हो। राष्ट्र बैंकका अनुसार, नीतिगत ब्याजदर ४.२५ प्रतिशतमा झारिएको छ, औसत ऋण दर ६.७७ प्रतिशत र औसत निक्षेप दर ३.४० प्रतिशतमा झरेको छ ।

**साभार : कान्तिपुर ।**

# वन कार्यालयको गाडीमा आगजनी




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १२ जेठ**

महोत्तरीको बर्दिबासमा अव्यवस्थित बस्ती हटाउन सूचना दिन पुगेको सरकारी टोलीमाथि स्थानीयले विरोध जनाउँदै वन कार्यालयको गाडीमा आगजनी गरेका छन् । घटनापछि स्थानीयले बीपी राजमार्ग अवरुद्ध गर्दै प्रदर्शनसमेत गरेका छन् । बर्दिबास नगरपालिका-३ स्थित क्षेत्रमा अव्यवस्थित बसोबास खाली गराउन सूचना दिन सोमबार दिउँसो प्रहरीसहित डिभिजन वन कार्यालय महोत्तरीको टोली पुगेको थियो । सो क्रममा स्थानीयले टोलीलाई घेराबन्दीमा पारेका थिए ।

घेराबन्दीकै बीच सोमबार राति वन कार्यालयको सरकारी गाडीमा आगजनी गरिएको प्रहरीले जनाएको छ । स्थिति तनावग्रस्त बनेपछि स्थानीयले रातिदेखि नै बीपी राजमार्गमा रुख ढालेर सडक अवरुद्ध गरेका थिए । राजमार्ग खुलाउन तथा वार्ताका लागि पुगेका सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडपसमेत भएको बताइएको छ । मंगलबार बिहानदेखि पनि स्थानीयले विरोध प्रदर्शन जारी राखेका छन् ।

उनीहरूले पुनः रुख ढालेर राजमार्ग अवरुद्ध गरेका कारण पूर्वपश्चिम आवागमन प्रभावित बनेको छ । घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको अतिरिक्त टोली परिचालन गरिएको छ । स्थानीयले आफूहरूलाई वैकल्पिक व्यवस्था नगरी जबर्जस्ती हटाउन खोजिएको आरोप लगाउँदै आन्दोलनमा उत्रिएको बताएका छन् ।




“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क –: ढिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday